महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७७

बान्नीगढी जयगढ गाउँपालिका
अछाम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको काया)लय
Office of the Auditor General
प्रदेश नं५,कणा)ली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिदे)शनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौङ, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं.३९

मिति: २०७७/३/२४

श्री अध्यक्षज्यू,

बान्नीगढी जयगढ गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, अछाम ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते ।

महालेखापरीक्षक ... ा)लय
Office of the ... r General
प्रदेश नं५,कणा)ली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिदे)शनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौङ, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७
च.नं.

मिति: २०७७/३/२४

श्री अध्यक्ष ज्यू,
बान्निगढी जयगढ गाउँपालिका,
अछाम ।

विषय: लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले बान्निगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु.४९ लाख २६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ लाख ८८ हजार नियमित गर्नुपर्ने रु.२४ लाख ८५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२२ लाख ५३ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०६।०५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त नभएकोले बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना **१९** (उन्नाइस) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)

नायव महालेखापरीक्षक

बान्निगढी जयगढ गाउँपालिका, अछाम
लेखापरीक्षण प्रतिवेदन
२०७५।७६

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस गाँउपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदूरपश्चिम प्रदेशमा अवस्थित यो गाउँपालिका अन्तर्गत वडा ६, ५८.२६ वर्ग कि.मी.क्षेत्रफल र १७३५९ जनसंख्या रहेको छ ।

स्थानीय संचितकोष : आर्थिक वर्ष २०७५।०७६ स्थानीय संचितकोषको आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ

आयतर्फ				व्ययतर्फ			
सि.नं.	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		शिर्षक	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		१२५९५९९६.९४	१	**चालु खर्च**		**२१४६५४५३१.०९**
	क) नगद	०.००			वित्तीयसमानीकरण (संघिय सरकार)	१८७८२९६५.८३	
	ख) बैंक	१२५९५९९६.९४			राजश्वबाडफाड (संघिय सरकार)	३१४४२०३९.२५	
२	**राजश्व (आन्तरिक आय)**		४६२५६३८९.०५		वित्तीयसमानीकरण (सुदुरपश्चिम प्रदेश)	३७१८१७९.००	
	क) आन्तरिक राजश्व	४१४९४१८.९८			शसर्तअनुदान (संघिय सरकार)	१०५५४७९२६.९६	
	ख) राजश्व बाँडफाड संघियसरकार	४०९०७५२४.७४			शसर्तअनुदान (प्रदेश सरकार)	७६००००.००	
	ग) राजश्व बाँडफाड प्रदेशसरकार	१०९८५८७.१९			आन्तरिकश्रोत (चालु)	३७६१९२०.०५	
	घ) अन्य आय	१००८५८.१४			सामाजिकसुरक्षा	४६१४३८००.००	
३	**वित्तीय हस्तान्तरण**		१९०२१७५६३.००		बहुक्षेत्रिय पोषण कार्यक्रम	१२३७०००.००	
	क) वित्तीय समानीकरणअनुदान	६७६०००००.००			प्रधानमन्त्रीरोजगार कार्यक्रम	२९५५७००.००	
	ख) सशर्त अनुदान संघिय सरकार	१२२६१७५६३.००			प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०५०००.००	
	ग) समपुरक अनुदान	०.००					

	घ) विशेष अनुदान	०.००		२	**पुँजीगतखर्च**		**८२१४६१२७.२९**
4	**प्रदेश सरकारबाट प्राप्तअनुदान**		१४९६४०००.००		वित्तीयसमानीकरण (संघिय सरकार)	४८८१७०३४.१७	
	क) वित्तीय समानीकरणअनुदान	६७०४०००.००			वित्तीयसमानीकरण (प्रदेश सरकार)	२२७६८४१.०१	
	ख) सशर्त अनुदान प्रदेशसरकार	७६००००.००			राजश्वबाडफाड (संघिय सरकार)	९४६५४८५.४९	
	ग) समपुरक अनुदान	०.००			राजश्वबाडफाड (प्रदेश सरकार)	१०९८५८७.१९	
	घ) विशेष अनुदान	७५०००००.००			विशेषअनुदान (सुदुरपश्चिम प्रदेश)	४५८७१४६.३०	
५	**अन्तरस्थानीय तहबाट प्राप्त**		**०.००**		आन्तरिकश्रोत	३४९६४१४.०९	
६	**वित्तीयव्यवस्था प्राप्ति**		**०.००**		सशर्तअनुदान (संघिय सरकार)	८४२४६१९.०४	
	क) ऋणप्राप्ति				स्थानीयपूर्वाधार विकास साझेदारी कार्यक्रम	३९८००००.००	
	ख)साँवा प्राप्ति			३	**वित्तीय व्यवस्था भुक्तानी**	०.००	०.००
	ग)व्याज प्राप्ति				क) ऋण लगानी		
	घ)अन्य प्राप्ति				ख) व्याज भुक्तानी		
७	**विभिन्नकोषतर्फको आय**		**०.००**		ग) अन्य भुक्तानी		
८	**जनसहभागिता९ नगद)**		**०.००**	४	**लगानी**	०.००	०.००
९	**विषयगतनिकायबाट प्राप्त रकम**		५८७०९०००.००		ऋण लगानी		
	सामाजिकसुरक्षा	४९०७२०००.००			शेयर लगानी		
	बहुक्षेत्रिय पोषण कार्यक्रम	१२३७०००.००			अन्य लगानी		
	प्रधानमन्त्रीरोजगार कार्यक्रम	४११५०००.००		५	**धरौटीफिर्ता**	०.००	०.००
	प्रदेशतथा स्थानीय तह क्षमता विकास कार्यक्रम	३०५०००.००		६	**कोष खर्च**		
	स्थानीयपूर्वाधार विकास साझेदारी कार्यक्रम	३९८००००.००		७	**बाँकी/फिर्ता**		
१०	**धरौटीआय**		७३७६९२.८३		**क) निकासाबाँकी**	७११३२६८.००	७११३२६८.००

	गत आव को जम्मा	२१२२२३.६१			**ख) निकासाफिर्ता**	७११६६८६.००	७११६६८६.००
	यसबर्षको जम्मा	५२५४६९.२२		८	**मौज्दात**		
११	**लगानीको साँवा फिर्ता**				**क) नगदमौज्दात**		
१२	**अन्यविविध आय**				**ख) बैंकमौज्दात संचित कोष**	११७१२३३६.६१	११७१२३३६.६१
					ख) बैंकमौज्दात धरौटी	७३७६९२.८३	७३७६९२.८३
	कुल जम्मा	**३२३४८०६४१.८२**	**३२३४८०६४१.८२**		कुल जम्मा	**३२३४८०६४१.८२**	**३२३४८०६४१.८२**

दफा नं	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
	वित्तिय लेखापरिक्षणबाट देखिएको व्यहोरा देहाय बमोजम छन् :	
१	**प्रोदभावी लेखा :** गाउँपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खचंको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।	
२	**वजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादात्म्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । गाउँपालिकाले सो अनुसार कार्य गरेको छैन । अतः तोकिएअनुरुपको प्रक्रिया मिलाइ कार्यक्रम तयार गर्नुपर्दछ ।	
३	**श्रोत अनुमान तथा वजेट सिमा :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरण, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार पेश गरेको देखिएन ।	
४	**कर तथा आन्तरिक स्रोत :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५४ बमोजिम गाउँपालिकाको वित्तिय अधिकार क्षेत्रमा कानून बमोजिम वाहेक गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने उल्लेख छ। सोही ऐनको दफा १०२ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाई राजपत्रमा प्रकाशन गर्नुपर्ने र प्रकाशन नभएसम्म लागु नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्षआन्तरिक श्रोतको रुपमा आन्तरिक आय रु ४१४९४१८।९८ असूली गरेको देखिन्छ । उक्त आयमा कर दूस्तुर समेत समावेश छ । ऐन वनाई राजपत्रमा प्रकाशन नहुँदै कर दस्तुर समेत असूल गर्नु कानून सम्मत देखिएन । अतः कानून बनाई असुल गर्ने परिपाटी विकसित गर्नुपर्दछ ।	
५	**योजना वनाई कार्यान्वयन :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा स्थानियस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना	

	वनाएको देखिएन । अतः योजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।	
६	**स्थानिय राजस्व परामर्श समिति :** स्थानिय सरकार संचालन ऐनको दफा ६५ बमोजिम गाउँपालिकामा राजस्व सम्वन्धी परामर्शको लागि स्थानिय राजस्व परामर्श समिति रहने व्यवस्था अन्तर्गत राजस्व परामर्श समिति गठन गरेको देखिन्छ । सोही ऐनको दफा ६५(२) मा राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार क्षेत्र तोकेको देखियो । ऐनको दफा ६५ को उपदफा २ मा समितिले राजस्व सम्वन्धी नीति तथा कानूनको तर्जुमा गर्ने, राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगमी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने, रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीतिको सम्वन्धमा परामर्श दिने जस्ता अधिकार एवं काम, कर्तव्य तोकेको देखिन्छ । ऐनको व्यवस्था बमोजिमको काम, कर्तव्य गरेको देखिएन । अतः समितिले सो अनुरुप कार्य गर्नुपर्दछ ।	
७	**स्रोत अनुमान र बजेट निर्धारण समिती** : स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति, दफा ६७ मा श्रोत अनुमान र वजेट निर्धारण समिति गठनको प्रावधान बमोजिम समिति गठन गरेको देखिन्छ । ऐनको दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । त्यस्तै ऐनको दफा ६६(३) मा श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको काम कर्तव्य तोकिएको भएतापनि समिति गठन पश्चात ति समितिहरुले ऐनमा भएको व्यवस्था अनुसार कार्य गरेको देखिएन । अतः समितिहरुले ऐनको व्यवस्था अनुरुप कार्य गर्नुपर्ने देखिन्छ ।	
	नियमितताको लेखापरिक्षणबाट देखिएका व्यहोरा देहाय बमोजिमका छन् :	
८	**स्थानीय तथ्यांक र अभिलेख :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउँपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
९	**न्यायिक समितिको वार्षिक विवरण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम गाउँरपालिकाको न्यायिक समितिले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । तर सो समितिले गरेको कामको वार्षिक	

	विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्वन्धित सभामा पेश गरेको छैन । अतः गाउँसभामा पेश गर्नुपर्दछ ।	
१०	**नक्सा पास :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष नक्सा पास गरेको देखिएन । तसर्थ नक्सा पास गराई भवन निर्माण गराउने तर्फ पहल गरिनु पर्दछ ।	
११	**ऐन, नियम, कार्यविधि निर्माण :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन वनाउन सक्ने व्यवस्थाछ । गाउँपालिकाबाट विभिन्न विषयका ऐन, नियम, कार्यविधि वनाई मस्यौदामा छलफल गरेको भएतापनि पारीत भएको तथा राजपत्रमा प्रकाशन गरेको स्थिति छैन । तसर्थ समयमा नै ऐन, कानून, नियम र कार्यविधि बनाइ लागू गर्नुपर्दछ ।	
१२	**चौमासिक प्रगति :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७६(३) बमोजिम प्रमुख प्रशासकिय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेमा पेश गरेको देखिएन ।	
१३	**स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउँपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन ।	
१४	**बक्यौता रकम असुली** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले गत विगत वर्ष देखिको वक्यौता असूली विवरण नराखेकोले वक्यौता हिसाव राखी अद्यावधिक गर्नु पर्दछ ।	
१५	**आन्तरीक नियन्त्रण प्रर्णाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्ने जिम्मेवारी अध्यक्षको हुने उल्लेख गरेकोले प्रणाली तयर एवं अनुगमन गरिनुपर्दछ । देयाह बमोजिमको व्यवस्सा गरी कानुनको परिपालन गरिनुपर्दछ ।	

	• पुराना मालसमानको मूल्य नखुलेको, • जिन्सी मालसमानको लिलाम/मर्मत नभएको • पेश्की समयमा फछ्र्यौट नगरेको • उद्देश्य प्राप्तीमा आई पर्ने सम्भावित जोखिम क्षेत्रहरुको पहिचान र सो निराकरणको लागि कार्यक्रम व्यवस्थित नगरेको • वार्षिक खरिद योजना तयार नभएको, • सवारी साधनको लगबुक रीतपूर्वक नराखेको कानूनको परिपालना पूर्णरुपमा नगरेको कारणले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको र सेवा प्रवाहमा ढिलाइ भएको हुँदा यथोचित व्यवस्थापनद्धारा कार्य सम्पादन/सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।	
	कार्यक्रमगत/योजना संचालनबाट देखिएको व्यहोरा देहाय बमोजिम छन् :	
१६	**लक्ष्य प्रगतिको स्थिति :** कार्यालयले सञ्चालन गरेका योजना तथा क्रियाकलापको भौतिक र वित्तिय प्रगति देखिने लक्ष्य प्रगति विवरण तयार गरी समिक्षा समेत गर्नुपर्नेमा कार्यालयले लक्ष्य प्रगति विवरण तयार गरेको देखिएन।	
१७	**टहरा बहाल :** गाउँकार्यपालिकाको २०७५ श्रावण १८ को निर्णय नं ४ बमोजिम गाउँपालिका का विभिन्न सार्वजनिक स्थानहरुमा टहरा निर्माण गरि व्यापार व्यवसाय संचालन भइरहेकोले आ.ब २०७५।७६ देखि बजार क्षेत्रका टहराहरुबाट मासिक रु ५००।०० र ग्रामिण क्षेत्रका टहराहरुबाट मासिक रु १००।००बहाल विरौटी शुल्क उठाउने निर्णय गरेको छ। बजारक्षेत्रमा के कति टहरा छन् र ग्रामिण क्षेत्रमा के कति टहरा छन्, कार्यालयले लगत खडा गरि राखेको छैन। गाउँपालिका ले लगत खडा गरि निर्णयानुसार बहाल विरौटी प्राप्त गर्नुपर्नेमा यो बर्ष गरेको छैन। तसर्थ निर्णय कार्यान्वयन गरि आन्तरिक आयस्रोत बढाउनु पर्ने देखिएको छ।	
१८	**तिज विशेष कार्यक्रम :**गाउँपालिकाले विकास निर्माण तथा रोजगारी सिर्जना गर्ने कार्यमा बजेट खर्च गरि अनुत्पादक क्षेत्रको खर्चमा नियन्त्रण गनुपर्दछ। मिती २०७५।६।१७ को निर्णय नं २ बमोजिम हरितालिका तिज विशेष पर्व मनाउन रु १०००००।०० दिने निर्णय गरेको देखिन्छ। यसरी आय आर्जन नहुने तथा थप पूँजी निर्माण नहुने कार्यमा नियन्त्रण गर्नुपर्ने देखिएको छ।	
१९	**प्राविधिक पुष्ट्याँई :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिक उपभोक्ता समितीमार्फत निर्माण कार्य गराउँदा लागत अनुमान तयार गरि सो बमोजिम कार्यसम्पन्न प्रतिवेदन स्वीकृती भएपश्चात्त भुक्तानी दिनेपर्ने व्यवस्था रहेकोमा देहायका निर्माण कार्यहरु उपभोक्ता समितीमार्फत गराएकोमा, कार्यसम्पन्न प्रतिवेदन र लागत अनुमान बमोजिमदेहायका कार्यमा फरक	

परिमाण रहेकोमा सोको प्राविधिक पुष्ट्याँई नभएको रु — २५२५३७.१७

योजना	कामको विवरण	लागत अनुमान	सम्पन्न परिमाण	फरक परिमाण	दर	रकम
चाम्लाबाटा सालतोला सडक	नरम माटो	८०२.६९ घ.मी	२३९१.७४ घ.मी	१५८९.०५ घ.मी	६७१४	१०६६८८।८१
	नरम चट्टान	५३५.१३ घ.मी	१८३.९८ घ.मी	३५१.१५ घ.मी	२३१।२५	८१२०३।४३
धम्कोटीभाडौधामी गाउँ सडक	नरम माटो	१२७२.६० घ.मी	७९०.३४ घ.मी	४८२.२६ घ.मी	६७१४	३२३७८।९३
	नरम चट्टान	५४८.४० घ.मी	९८७.९३ घ.मी	१३९.५३ घ.मी	२३१।२५	३२२६६।००
					जम्मा	२५२५३७।१७

२१ **विद्युतीय हाजिरी मेशिन :** गाउँपालिका मा विद्युतीय हाजिरी मेशिन जडान गर्न १थान , गाउँपालिका अन्तर्गतका विभिन्न ५ वटा विद्यालय र स्वास्थ्य चौकीहरुमा ६ वटा समेत १२ वटा विद्युतीय हाजीरी मेशिन जडान गर्न रु २,३८,८५२।०० खर्च गरेको छ । खरिद गरिएका मेशिनहरु हालसम्म मोज्दातमा नै नरहेकोले बजेट खर्चको प्रतिफल प्राप्त हुन नसकेको एवं मेशिनहरु प्रयोग नगर्दा नचल्ने समेत हुनसक्ने हुनाले प्रयोगमा ल्याएको प्रमाण पेश गर्नुपर्ने रु — २,३८,८५२.०

२० **मोटरसाईकल खरिद :**सार्वजनिक खरिद नियामवली, २०६४ को नियम ८४ बमोजिम ५लाख भन्दा बढि रु २० लाखसम्मका मालसामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने उल्लेख छ । कार्यालयले ५ थान मोटरसाईकल ५ पटक गरि रु ११६८५००।०० मूल्यका मोटरसाइकल खरिद गरेको देखियो । शिलबन्दी दरभाउपत्रको आधारमा खरिद गर्नुपर्नेमा पटक पटक सोझै खरिद गरेकोलल नियमित नदेखिएको रु — ११,६८,५००.०

२१ **लागत अनुमान:** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ (क१) मा रु ६० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिती वा लाभग्राही समुदाय मार्फत गरिने खरिद सम्झौतामा प्रत्येक कार्य इकाइमा उपभोक्ता समिती वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान खुलाउनु पर्ने उल्लेख छ । निम्न बमोजिमका आयोजना संचालन गर्दा रु ६० लाखभन्दा बढिको लागत अनुमान भएतापनि प्रत्येक कार्य इकाईमा उपभोक्ताको अंश नखुलाई एकमुष्ट लागत अनुमानमा गाउँपालिकाको योगदान जनसहभागिताको अँश खुलाएकोले नियमावलीको प्रक्रिया पुरा गरेको देखिन्छ ।

२१.१ **छातासेन सुतार रामारोशन स्याउले सडक निर्माण**

सि.नं	कामको विवरण	लू.ई.परिमाण (घ.मि.)	दर	लागत अनुमान रकम
१	नरम माटो	५८०१.३२	६७१४	३८९४८२।३२
३	कडा माटो	११६०२.६४	८९।७९	१०४१८३५।८५

४	नरम रक	९३८९.७४	२३१।२५	२१०१३९५।००
५	मध्यम रक	९०९०.४६	३४८।६७	३१६९५८७।१३
६	सुचना बोर्ड	लमसम	१००००।००	१००००।००
	जम्मा	३५८८४.१६		६७८२३०१।२०

यस निर्माण कार्यमा स्वीकृत गरेको लागत अनुमानमा माटोको परिमाण ३५८८४.१५ घ.मी परिमाण ३.५ कि.मी खन्दा निस्कने गरि ल.ई स्वीकृत गरेको छ । ल.ई स्वीकृत गर्दा कुल माटो खन्ने परिमाण निस्कने अनुमान गरेको देखिन्छ । उक्त ल.ई. मा माटोको प्रकार अनुसारको प्रतिशत निर्धारण गरेको छैन । कार्य सम्पन्न प्रतिवेदन अनुसार ३६८०७५० घ.मी माटो निस्किएकोले ल.ई.मा प्रतिशत निर्धारण नगरेबाट कार्यसम्पन्नमा उल्लेखित परिमाणको वर्गिकरण गरिएको आधार नियन्त्रित छैन ।

२२ **उपभोक्ता समितीको बिल भर्पाई :** सार्वजनिक खरिद नियामवली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिती वा लाभग्राही समुदायले गरेको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाई र खर्च प्रमाणित गर्ने कागजात समितीको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समितीसँग निर्माण, मर्मत कार्यको सम्झौता गर्दा कार्यपरिमाण तथा दरको आधारमा गरिने र मू.अ.कर लाग्ने आईटममा मु.अ.कर समेत जोडी उपभोक्तालाई सार्वजनिक निकायले भुक्तानी गरेको हुन्छ । प्राविधिक मूल्याङ्कन सहित बिल भर्पाई पेश हुँदा मु.अ.कर लाग्ने आइटममा अनिवार्य भ्याट बिल उपभोक्ता समितीद्धारा पेश गराउनुपर्नेमा धेरै उपभोक्ता समितीले प्यान बिल पेश गरि प्राविधिक मूल्यांकन गरेको देखियो । कार्यालयबाट भ्याट रकम भुक्तानी हुने तर उपभोक्ता समितीले भ्याट बिजक पेश नगर्ने परिपाटी सुधार हुनुपर्दछ ।

२३ **मुल्य अभिबृद्धि कर बिजक बेगर भुक्तानी :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १९ मा सार्वजनिक निकायले खरिद गर्दा मु.अ.करमा दर्ता भएकासँग गर्नुपर्ने उल्लेख छ । निम्नानुसार खरिद गर्दा मु.अ.करमा दर्ता नभएकासँग गरेकोले नियमित नदेखिएको रु १,७६,९३१.००

गो.भौ.नं, मिती	सप्लायर्स	रकम	खरिद भएको सामग्री
११०/२०७५.१२.११	न्यू एम्.डि. ट्रेर्डर्स एण्ड सप्लायर्स, अछाम	१५६००/०	तामाको खाना खाने प्लेट, चम्चा
११०/२०७५.१२.११	भानुज फर्निचर उद्योग, अछाम	१९५५०/०	कार्पेट राम्रो
११०/२०७५.१२.११	भानुज फर्निचर उद्योग, अछाम	१७०००/०	कार्पेट राम्रो
११३/२०७५.१२.१२	श्रृजना स्टिल तथा ग्रिल फर्निचर उद्योग, अछाम	३७५७५/०	डोरमेट, कार्पेट, सोलार स्टेण्ड
२३५/२०७५.१२.१८	ढक ग्यालरी, अछाम	१९६००/०	विभिन्न सामान
१४२/२०७६.१.८	सन्तोष फेन्सी स्टोर	१७०००/०	जुट कार्पेट
१४२/२०७६.१.८	सन्तोष फेन्सी स्टोर	९७७५/०	जुट कार्पेट
१४२/२०७६.१.८	पौडेल ट्रेर्डर्स एण्ड सप्लायर्स	१९५३६/०	कडाम्याट
२३३/२०७६.१.१०	तौकिर ट्रेर्डर्स एण्ड सप्लायर्स	१९९००/०	कुर्सि, पर्दा, पाइप
१३९/२०७६.१.१९	निशा इलेक्ट्रोनिक्स एण्ड जनरल स्टोर	१८९९०/०	टि.भी, मल्टीपल्ग
	जम्मा	१७६९३१/०	

<table>
<tr><td>२४</td><td>बढी भुक्तानी : गो.भौ.नं २२२, मिती २०७६।३।२७ बाट बान्नीगढी सामुदायिक एफ्.एम्. भवन निर्माणको लागी कुल लागत अनुमान रु १७,३३,१५५।५१ भई गाउँपालिकाको योगदान रु १४,२५,०००।०० र उपभोक्ताको श्रमदान रु ३,०८,१५०।५१ (१८ प्रतिशत) हुने गरि उपभोक्ता समितीसँग सम्झौता गरेको छ । पेश भएको कार्यसम्पन्न प्रतिवेदन अनुसार कुल रु ८,६०,७२८।६६ काम गरेकोले उपभोक्ताको अंश १८ प्रतिशत कट्टा गरि हुने रु ७०५७९७।५ भुक्तानी गर्नुपर्ने रु ७२०१७९।१३ गरेकोले रु १४३८१।६२ असुल गर्नुपर्ने रु</td><td>१४,३८१.६२</td></tr>
<tr><td>२५</td><td>५० प्रतिशत मुल्य अभिबृद्धि कर बापतको रकम कट्टी नगरेको : आर्थिक ऐन, २०७६ ले २०७६ जेष्ठ १५ गतेदेखि सरकारी निकायले ठेक्का सम्झौता वा करार अर्न्तगत आपुर्ति हुने वस्तु वा सेवा बाफतको रकम सम्बन्धित ठेकेदार वा आपुर्तीकर्ता लाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने मु.अ.कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित आन्तरिक राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भुक्तानी गर्नुपर्ने उल्लेख गरेको छ । निम्नानुसारका फर्म/कम्पनीहरुलाई उक्त मितिभन्दा पछाडी रकम भुक्तानी गर्दा मु.अ.कररकमको ५० प्रतिशत कट्टी गरी भुक्तानी दिइएको देखिएन । सम्बन्धित फर्म कम्पनीले मु.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल उपर गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं, मिती</th><th>फर्मको नाम</th><th>भूक्तानी रकम</th><th>५०% मु.अ.कर रकम</th></tr>
<tr><td>११०/२०७५.१२.११</td><td>एस्.एल्. कन्स्ट्रक्सन,अछाम</td><td>३१०३८७/१२</td><td>१७८५४/१२</td></tr>
<tr><td>११०/२०७५.१२.११</td><td>स्मार्ट टेक सोलुसन प्रा.लि</td><td>१५००००/००</td><td>८६२८/०</td></tr>
<tr><td>१०/२०७६.३.२९</td><td>आलोक श्री निर्माण सेवा</td><td>४७२३५९/०१</td><td>२७१७१/०९</td></tr>
<tr><td>७/२०७६.३.२६</td><td>भानुज फर्निचर उद्योग, अछाम</td><td>११९०००/३०</td><td>६८४५/१५</td></tr>
<tr><td>२१४/२०७६.३२६</td><td>द ग्लोबल सर्जिकल हाउस, धनगढी</td><td>३८२५७/५</td><td>२४८६/७५</td></tr>
<tr><td>२१४/२०७६.३२६</td><td>द ग्लोबल सर्जिकल हाउस, धनगढी</td><td>२८०६९/०१</td><td>१८२४/५</td></tr>
<tr><td>२१४/२०७६.३२६</td><td>भानुज फर्निचर उद्योग, अछाम</td><td>१०५००/०</td><td>१३६५/०</td></tr>
<tr><td>२०/२०७६.३.३०</td><td>पुर्णादेवी अर्डर एण्ड सप्लायर्स</td><td>४८८६४२/०</td><td>२८१०७/०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>९३५९९/११</td></tr>
</table></td><td>९३५९९.११</td></tr>
<tr><td>२६</td><td>प्राविधिक जाँच ‘एवं बिल भर्पाई :गो.भौ.नं २२५, मिती २०७६।३।३१ भोटेला खानेपानी निर्माणका लागी रु १७२७०९।९४ को लागत अनुमान गरेको देखिन्छ, पेश गरेको कार्यसम्पन्न प्रतिवेदनमा रु १३०७९१।८१ को कार्य भएको उल्लेख गरेकोमा विभिन्न ९ प्रकारको फिटिङ आईटमको मोल रु ७,३९८।५० समेत नापीमा उल्लेख गरि भुक्तानी गरेको देखिन्छ । उपभोक्ता समितीले ति फिटिङ्स सामान खरिद गरेको बिल बिजक पेश नगरेबाट उक्त रकम असुल गर्नुपर्नाको सोझै सम्पुर्ण कार्यको पुनः प्राविधिक जाँच गरि कायै एकिन गर्नुपर्ने रु</td><td>१३०७९१.८१</td></tr>
<tr><td>२७</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम : कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>संचालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ९ बमोजिम स्थानिय तहले आयोजना छनौट गर्दा प्राथमिकताको आधारमा सडक, कृषि तथा सिंचाई, ग्रामिण खानेपानी, स्वास्थ्य तथा सरसफाई, शिक्षा, वन तथा जलाधार, पर्यटन तथा स्थानिय प्रथामिकता आधारमा अन्य श्रम प्रधान आयोजनाहरु संचालन गर्नुपर्ने उल्लेख भए अनुसार विभिन्न ६ वडाहरुमा स्थानिय निर्देशिन समितीले विभिन्न १८ वटा योजना संचालन गरी अनुमानित रोजगार संख्या २४३ जना रहेको कार्यक्रम पारित गरेको आधारमा रु २९,५५,७००।०० खर्च गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा ७३(४) बमोजिम सम्बन्धित गाउँपालिका/नगरपालिकाले आफ्नो क्षेत्र भित्रको कार्यक्रमहरुको चौमासिक तथा वार्षिक समिक्षा गरि सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उल्लेख गरेको भएतापनि समिक्षा गरि प्रतिवेदन सार्वजनिक गरेको छैन ।</td><td></td></tr>
<tr><td>२८</td><td>कृषक अनुदान रकम : कृषितर्फको कार्यक्रममा धान, मकै, गहुँ र कोदो प्रदेशनमा (५० प्रतिशत) अनुदान उन्नत बिउ वितरणको कार्यक्रम रहेको छ । प्रा.स. झंकर बहादुर रावत मार्फत उक्त कार्यक्रम संचालन गरेको देखियो । कृषक सहयोग केन्द्र, कैलालीबाट १६ क्वीन्टल गहुँको रु १३६०००।०० मुल बिउ खरिद गरि कृषकलाई वितरण गरेकोमा स्वीकृत कार्यक्रममा ५० प्रतिशत अनुदान दिने उल्लेख गरेकोले रु ६८०००।०० मात्र खर्च लेख्नुपर्नेमा पुरै खर्च गरेकोले ५० प्रतिशत अनुदान रकम असुल गर्नुपर्ने रु</td><td>६८०००.००</td></tr>
<tr><td>२८.१</td><td>गो.भौ.नं १८, मिती २०७५।१०।१८ भकारो सुधार कार्यक्रम अन्तर्गत जाल्पादेवी उन्नत गाई फार्मलाई रु एक लाख अनुदान दिएको छ । कृषकलाई अनुदान दिएको रकमबाट सिमेन्ट, रंगिन पाता, ट्रयाक्टर भाडा खर्च गरेको देखिएकोले अनुदान रकमको लागत अनुमान सम्पन्न प्रतिवेदा पेश हुनुपर्ने रु</td><td>१०००००.००</td></tr>
<tr><td>२९</td><td>करकट्टी दाखिला : आयकर ऐन,२०५८ बमोजिम कट्टी भएका विभिन्न करहरु राजश्व खातामा दाखिला हुनुपर्नेमा तपशिल बमोजिमका व्यक्तिहरुले विभिन्न कार्यक्रम संचालन गर्दा करकट्टी गरी दाखिला नगरेकोले असुल गरी दाखिला हुनुपर्ने रु
<table>
<tr><th>गो.भौ.न,मिती</th><th>व्यक्तिको नाम</th><th>बापत</th><th>रकम</th></tr>
<tr><td>६१/२०७६।३।२५</td><td>झंकर बहादुर रावत</td><td>गा.पा स्तरिय तालिम</td><td>१६००।००</td></tr>
<tr><td>५४/२०७६।३।३०</td><td>झंकर बहादुर रावत</td><td>विभिन्न भुक्तानी</td><td>३२१८।००</td></tr>
<tr><td>५४/२०७६।३।३०</td><td>झंकर बहादुर रावत</td><td>विभिन्न भुक्तानीमा बहाल कर</td><td>१९००।००</td></tr>
<tr><td>३१६/२०७५।२।११</td><td>विविधपदाधिकारीहरु</td><td>युवास्वरोजगार कार्यक्रममा पारिश्रमिक कर</td><td>२२४०।००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८९५८।००</td></tr>
</table></td><td>८९५८.००</td></tr>
<tr><td>३०</td><td>कार्यक्रम प्रभावकारिता-पशुसेवातर्फ : गो.भौ.नं २३६,मिती २०७६।३।३०, नश्ल सुधारकालागी</td><td></td></tr>
</table>

प्राकृतिक गर्भधान कार्यक्रम अन्तर्गत, सशर्त अनुदानतर्फ रु ८००००।०० र वित्तिय समानीकरणतर्फको रु २०००००।०० समेत गरि ७ वटा वोयर बोका खरिद गरि कृषकहरुलाई वितरण गरेको पाईयो । यसरी वोयर बोका वितरणका लागि कृषक छनौटको मापदण्ड एवम् कार्यविधि निर्धारण नगरिएको एवम् कार्यालयले निर्णय समेत नगरेकोले कार्यक्रमको उद्देश्य प्राप्ती एवम् खर्चको प्रभावकारिता सुनिश्चित हुने आधार देखिएन । साथै बोका वितरणमा कृषकको लागत सहभागिता पनि उल्लेख नभएको र नश्ल सुधारको उद्देश्य हाँसिल गर्न अनुगमन एवम् मूल्यांकनको प्रावधान लागू नभएको हुनाले, कार्यक्रमको प्रभावकारिता मूल्यांकन हुनुपर्दछ ।

३१ **बढी खर्च भुक्तनी :** गो.भौ.नं ७२, मिती २०७५।११।१, स्तनपान सप्ताह कार्यक्रमबापत विभिन्न स्वास्थ्य चौकीलाई रु ९०००।०० खर्च भुक्तानी हुनुपर्नेमा रु ३१८७०।० रकम भुक्तानी गरिएकोले रु २२८७०।०० रकम सो शिर्षकमाबाट बढी खर्च भएकोले सशर्त अनुदामा फिर्ता गरिनुपर्ने रु २२,८७०.०

३२ **कार्यसम्पन्न प्रतिवेदन :** सार्वजनिक खरिद नियामावलीको नियम बमोजिम सार्वजनिक निर्माण कार्य गराउँदा, सार्वजनिक निकायले लागत अनुमान तयार गरि सो बमोजिम कार्यसम्पन्न प्रतिवेदन स्वीकृत भई रकम भुक्तानी गर्नुपर्नेमा, देहायका योजनाहरुमा खर्च गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु १४,१०,०००.०

भौ.नं, मिती	योजनाको नाम	भुक्तान रकम
६२/२०७६.१०.१७	जयगढ स्वास्थ्य चौकी मर्मत	८००००।००
२१०/२०७६.३.२६	राष्ट्रभाषा मा.बि, शौचालय निर्माण	६६५०००।००
२११/२०७६.३.२६ १६६/२०७६.३.१५	अलाकनन्दा मा.बि,शौचालय निर्माण	६६५०००।००
	जम्मा	१४१००००।००

३३ **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानुन बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार बान्नीगढी जयगढ विनायक गाउँपालीकाले देहायबमोजिम रु ५३,१९,४००।०० सुविधा बापत भुक्तानी गरेको छ ।

सि.नं.	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ६ जना	कार्यपालिका सदस्य ६ जना	सभाकासदस्य १९ जना	जम्मा
१	सुविधा	४२००००	३५००००	१६८००००	६७२०००	१३३००००	४४५२०००
२	सञ्चार सुविधा	१२०००	१२०००	३६०००	१४४००	०	७४४००
३	बैठक भत्ता	११०००	११०००	६१०००	५९०००	६५१०००	७९३०००
जम्मा		४४३०००	३७३०००	१७७७०००	७४५४००	१९८१०००	**५३१९४००.००**

३३.१ **बैठक भत्ता :** सुदुरपश्चिम प्रदेश बाट पारीत स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा

<table>
<tr><td></td><td>सम्बन्धि ऐन, २०७५ मा तोकिएको सुविधामात्र कार्यालयले पदाधिकारीहरुलाई उपलब्ध गराउनुपर्दछ । उक्त ऐनमा बैठक भत्ता सम्बन्धी व्यवस्था नभएतापनि कार्यालयले यो बर्ष पदाधिकारी लगायतको बैठक भत्तामा कुल रु.७९३०००खर्च गरी खुद भुक्तानी रु.६७४०५०।०० गरेको छ । पदाधिकारीलाई कानूनमा व्यवस्थाभन्दा बढि सुविधा दिएको नियमसम्मत नदेखिएको रु</td><td>६७४०५०.००</td></tr>
<tr><td>३४</td><td>तलवी प्रतिबेदन : निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका निजामती तथा स्वास्थ्य, शिक्षातर्फका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन पारीत गराई मात्र तलब खर्च लेख्नुपर्नेमा कार्यालयले तलबी प्रतिबेदन पारित गराएको छैन । तसर्थ तलवि प्रतिबेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३५</td><td>बढी भुक्तानी : भौ.नं.५०५, मिति २०७६।०३१६, सूचना प्रविधि अधिकृत रिंकु कुमारलाई बार्षिक तलब भत्ता भुक्तानी गर्दा १ महिनाको स्थानीय भत्ता रु ८३८०।०० बढी खर्च लेखेकोले सो रकम बेरुजु दाखिला हुनुपर्ने रु</td><td>८३८०.००</td></tr>
<tr><td>३६</td><td>गाडी भाडा : कार्यालयले विभिन्न पदाधिकारीहरु तथा कर्मचारीहरुको लागी गाउँपालिका देखि विभिन्न ठाउँमा तथा गाउँपालिका भित्रै आवतजावतको लागी विभिन्न गाडीधनीहरुसँग सम्फौता गरी विभिन्न दरमा रकम भुक्तानी गर्ने गरेको पाइयो । यसरी सम्फौता गर्दा गाडी भाडामा लिनुको प्रयोजन र मिती खुलाइ उल्लेख गर्नुपर्नेमा गाडी भाडा सम्फौतामा सो नखुलाई भाडा भुक्तानी गरेको अनियमित देखिएको रु .

<table>
<tr><th>भौ.नं. र मिति</th><th>गाडी धनी गाडी नंम्बर</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>४९७,
२०७६.०३.३०</td><td>सुरेन्द्रबहादुर खडका</td><td>६८०००.००</td><td rowspan="4">एउटै मितिको गाडी भाडा सम्फौता राखिएको</td></tr>
<tr><td>३८,
२०७५.०६.२६</td><td>तप्तबहादुर भण्डारी</td><td>१११६००.००</td></tr>
<tr><td>३८,
२०७५.०६.२६</td><td>दिपक रावल</td><td>२१६००.००</td></tr>
<tr><td>३८,
२०७५.०६.२६</td><td>धर्मराज भाट</td><td>१५३००.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१६५००.००</td><td></td></tr>
</table></td><td>२१६५००.००</td></tr>
<tr><td>३७</td><td>सम्फौता विपरित भुक्तानी : गाउंपालिकाले अध्यक्ष युवा स्वरोगजगार कार्यक्रम संचालन व्यवस्थापन कार्यविधि बनाई कार्यक्रम कार्यान्वयन गर्न पदमबहादुर शाहीसंग करार सम्फौता गरी गाउपालिकाभित्र सञ्चालन हुने क्रियाकलापहरुको व्यवस्थापन, सहजीकरण तथा समन्वयको जिम्मेवारी दिइ गाउंपालिकाका वडामा ९० प्रतिशत समय व्यतित गर्ने उल्लेख छ । तर कार्यालयले</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>कार्यक्रम प्रशिक्षक पदमबहादुर शाहीलाई सम्झौतामा उल्लेखित वडापालिकामा आधारभुत तथ्यांक संकलन गर्न जांदा समेत दैनिक भ्रमण भत्ता बापतको रकम भनि रु १००००।०० करार सम्झौता विपरित भुक्तानी भएकोमा असूलउपर गर्नुपर्ने रु.</td><td>१००००.००</td></tr>
<tr><td>३८</td><td>असम्बन्धित व्यक्ति भ्रमण खर्च :सरकारी रकम खर्च गर्दा सोको औचित्य पुष्टि हुने गरी बिल भर्पाइ सहितको लेखा राख्नुपर्दछ । कार्यालयले यस वर्ष कार्यालयसँग असम्बन्धित तपसिलका व्यक्तिका नाममा भ्रमण आदेश स्वीकृत गरी भ्रमण तथा अनुगमन खर्च भुक्तानी दिएको छ । त्यसैले असम्बन्धित व्यक्तिका नाममा अनुगमन खर्च लेख्नु औचित्यपूण नदेखिएकाले यस्तो खर्चमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>भौ.नं,मिती</th><th>भ्रमण गर्ने पदाधिकारी</th><th>भ्रमण उद्देश्य</th><th>भ्रमण खर्च</th></tr>
<tr><td>२७५, २०७५/०६/१२</td><td>रेडियोका कार्यकारी धनराज सांउद</td><td>टेलिफोन सेवा विस्तारको माग गर्न</td><td>१००००।००</td></tr>
<tr><td>४०, २०७५/१२/१०</td><td>रेडियोका कार्यकारी धनराज सांउद</td><td>स्वास्थ्य कार्यालय अनुगमन</td><td>८५००।००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td>दोहोरो भत्ता : भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा दोहोरा भ्रमण खर्च लेख्न नपाइने र नेपाल सरकार, अर्थ मन्त्रालय कार्यक्रम संचालन निर्देशिका, २०७३ को ७.१.१ मा कार्यलय समय भित्र कार्यालयका कर्मचारीहरु मात्र बैठक बसी बैठक खर्च लेख्न नपाइने उल्लेख छ । कार्यालयले तपसिल बमोजिमको एउटै मितिको बैठक भत्ता र भ्रमण खर्च तथा दोहोरो भ्रमण खर्च लेखेको पाइयो । त्यसैले प्रचलित कानूनी व्यवस्था विपरित हुने गरी भुक्तानी भएको तपसिल बमोजिमको रकम असूल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.स.</th><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>असूल हुनुपर्ने रकम</th><th>कैफियत</th></tr>
<tr><td></td><td>३०२, २०७५/०६/१२</td><td>वडा नं. ३ का वडा अध्यक्ष कुलबहादुर सेटीले २०७६।०१।१० मा भ्रमण आदेश स्वीकृत गराइ आर्थिक योजना विकास मन्त्रालयको नामाकरण संशोधनकोलागि धनगढी गएको देखाइ रु.८७५० भ्रमण खर्च लिएकोमा सोही अवधि भित्र वडा सचिव ध्रुव वि.क. को दलित लक्षित कार्यक्रममा गएको भनी अनुगमन भत्ता बुझेकोमा दोहोरो र बढी रकम असूल गर्नुपर्ने</td><td>८७५०.००</td><td>वडा कार्यालयमा कार्यक्रमको अनुगमन भत्ता र भ्रमण खर्चको दोहोरो भुक्तानी लिएको</td></tr>
<tr><td></td><td>२४३,</td><td>नि.प्र.प्र. अधिकृत शिवराज ढुंगानाले भौ.नं. १९९ मा २०७५।१०।०४–०९, २०७५।०८।०४–०७,२०७५।०७।२६ देखि २९, २०७५।०७।०८–१४,२०७५।०९।२०–२३ सम्म को भ्रमण आदेशको रु.४००६०।०० भ्रमण खर्च भुक्तानी लिइसकेकोमा पुन सोही भ्रमण आदेशबाट दोहोरो र बढी भुक्तानी लिएको रु.</td><td>४००६०.००</td><td>एउटै मितिको दोहोरो भ्रमण खर्च भुक्तानी लिएको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८८१०.००</td><td></td></tr>
</table></td><td>४८८१०.००</td></tr>
<tr><td>४०</td><td>सामाजिक सुरक्षा अनुदान : सामाजिक सुरक्षा भत्ता वितरणका लागि यस कार्यालयलाई रु.४ करोड</td><td></td></tr>
</table>

	९० लाख ७२ हजार निकासा भई खर्च रु.४ करोड ६१ लाख ४३ हजार ८ सय गरी बाँकी रु.२५,५२,०००।- संघीय संचित कोषमा फिर्ता भएको पाइयो ।स्वीकृत इकाइगत लेखापरीक्षण योजना अनुसार बढी निकासा एवं खर्च भएका पहिलो (६ नं. वडा) र पाँचौ (१ नं.) वडाको भरपाई परिक्षण गरिएको र अन्य वडाको सामाजिक सुरक्षा खर्चको हकमा पेश्की खर्च, बैंक दाखिला रकम र वित्तिय सूचना प्रणाली (MIS)र मन्त्रालयबाट प्राप्त विवरणलाई मात्र भिडान गरी परिक्षण गरिएको छ। पेश्की फाँटवारी परिक्षण गर्दा देखिएका व्यहोराहरु देहाय अनुसार छन् :	
४०.१	● सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७२ को दफा २२ बमोजिम सामाजिक सुरक्षा भत्ता रकम गाउँपालिकमा बैंकिङ्ग सुविधा भए बैंक मार्फत भत्ता वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदैं भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ। ● सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि ५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ। सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ। तर कार्यालयले मूल अभिलेख खाता वडा कार्यालयमा रहेको जनाई लेखापरीक्षणका लागि पेश नगरेको, अन्य विषयका हकमा उमेर पुरा भएपछिवा भत्ता पाउने भएपछि अभिलेखमा फोटो तथा ल्याप्चे नलगाई सोभै सफ्टवेयर इन्ट्री गरेको, सम्वन्धित वडाबाट नामनामेसी सहित अभिलेख व्यवस्थित गरी सिफारिस सहित कागजात प्राप्त भएपछि MIS मा प्रविष्ट गर्नुपर्नेमा सोभै गर्ने गरेको, अनुसूची ८ मा थप भएका र हराएका व्यक्तिको विवरण भरि प्राप्त नभएको केही नामनामेसी सफ्टवेयरबाट सोभै हटाउने र थप्ने कार्य भएको, वित्तिय सूचना प्रणालीमा सामान्य कुरा फरक भएमा समेत भिडान भई नामनामेसी प्रविष्ट गरेको, एउटै नागरिकता नं. भएकाको समेत MIS मा प्रविष्ट भएबाट वित्तिय सूचना प्रणाली भरपर्दो र विश्वसनिय नभएकाले सम्बन्धित निकायले सो प्रणालीमा भत्ता पाउनेको नामनामेसी दोहोरो नपर्ने गरी System बाट नियन्त्रण हुने गरी व्यवस्थित गर्नुपर्दछ। कार्यालयले वडाकार्यालय अनुगमन गरी भत्ता पाउने/नपाउने अभिलेख यकिन नगरेको, पञ्जिकरण अभिलेख (जन्म, मृत्यू, बसाई सराई) व्यवस्थित अभिलेख नभएको, मन्त्रालय/पंजिकरण विभागमा अनुसूची ८ (क) नपठाएको र अभिलेख समेत पेश नगरेबाट भिडान गर्न सकिएन।	

४०.२	३-२०७५।८।१२ वडा नं. १ का सचिव श्री मोजिबु रहमान अन्सारीले प्रथम चौमासिकको एकल महिला भत्ता बापत सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बसाई सराई गरेको लाभग्राही हिरादेवी बुढा लाई दोहोरो वितरण गरेको रु.४००० असुल गरी बैंक दाखिला गर्नुपर्ने रु.	४०००.०
४०.३	३-२०७५।६।२८ वडा नं. ३ सचिव श्री धुव्र बि.क.ले प्रथम चौमासिकको बालविकास सुरक्षा भत्ता वितरण समिर ढोली लाई दोहोरो वितरण गरेको रु.१६०० असुल गरी बैंक दाखिला गर्नुपर्ने रु.	१६००.०
४०.४	३-२०७५।६।२८ वडा नं. ५ का सचिव श्री धुव्र बि.क. ले प्रथम चौमासिक सामाजिम सुरक्षा भत्ता वितरण गर्दा पूर्ण अपाङ्गता भत्ता बापत चेतमान रावल लाई मृत्युपश्चान वितरण गरेको हिसाब जनाएको रु.८००० वडा सचिव ध्रुव वि.क बाट असुल गरी बैंक दाखिला गर्नुपर्ने रु.	८०००.०
४१	**आन्तरिक आय**	
४१.१	**आन्तरिक आय :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १०(१) बमोजिम कारोवारको लेखा महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत भए बमोजिमको ढांचामा राख्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा १३(१) बमोजिम आफ्नो जिम्मा भएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्ने उल्लेख छ । यस वर्ष कार्यालय र अन्तर्गतका वडा कार्यालयबाट मालपोत, सिफारिस, पञ्जिकरण, लगायतका शीर्षकमा प्राप्त आन्तरिक आम्दानी समयमै बैंक दाखिला भएको पाईएन । प्राप्त राजश्व कानुनले तोकेको समयावधि भित्रै बैंक जम्मा गर्नुपर्दछ ।	
४२	**बहुक्षेत्रीय पोषण तर्फ :**	
४२.१	४ -२०७५।९।२२, अप्सरा कुँवरले १ देखि ६ सम्मका वडा कार्यालयहरुमा पोषण तथा खाद्य सुरक्षा समितिको वैठक भत्ताबाट १५ प्रतिशतका दरले कट्टी गरेको पारिश्रमिक रु.५५८० बैंक दाखिला नगरेकोले बैंक दाखिला गरी प्रमाण पेश हुनुपर्ने रु.	५५८०.०
४२.२	२२ -२०७६।२।५, सुनौला हजार दिनका आमाहरुलाई पोषणसम्बन्धी स्थलगत तालिम कार्यक्रमको रकम भुक्तानी गर्दा १५ प्रतिशका दरले हुने पारिश्रमिक कर कट्टी रु.३००० र अग्रिम आयकर कट्टी रु.७८६ गरी जम्मा रु.३७८६ को बैंक दाखिला भौचर संलग्न नभएकोले बैंक दाखिला भौचर पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	३७८६.०
४३	**आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोराहरु देहाय अनुसार कायम गरिएको छ ।**	
४३.१	गो.भौ.नं २०६, मिती २०७६.३.२६ मा बिन्ध्याबासिनी मा.बि, माझेठाना, अछामलाई पुस्तकालय व्यवस्थापन वापतको रकम रु ६५००००।०० भुक्तानी भएकोमा सो बिलको अग्रिम आयकरर बापतको कट्टी गर्नुपर्ने रु	९,७५०.०

४३.३	**वित्तिय समनीकरण चालु :** गो.भौ.नं ५०९,मिती २०७६।३।३० मा वन तथा वातावरण संरक्षण अन्तर्गत सामुदायिक वन उपभोक्ता महासंघलाई नर्सरी स्थापना, ट्यांक निर्माण बापत खर्च भुक्तानी दिँदा ट्यांक निर्माण बापतको बिल भर्पाइृ पेश भएकोले उक्त कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश भई नियमित हुनुपर्ने रु	२,५०,०००.०
४४	**समपरिक्षण सम्बन्धि व्यहोरा :** देहायबमोजिम बेरुजु सम्परिक्षण गरिएको छ ।	

आ.व	बेरुजु दफा	सम्परिक्षणको छोटकरी व्यहोरा	सम्परिक्षण रकम
२०७४।७५	४२	रकम फिर्ता गरि दाखिला प्रमाण पेश भएको आधारमा ।	१२१००।००
२०७४।७५	४८	असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा।	५५७५।००
२०७४।७५	५०	असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा ।	५००००।००
२०७४।७५	११.१	असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा ।	४५०००।००
२०७४।७५	१८.१	रमाना पेश भएको आधारमा सम्परिक्षण गरिएको ।	२८०००।००
२०७४।७५	१८.२	रमाना पेश भएको आधारमा सम्परिक्षण गरिएको ।	९५००।००
२०७४।७५	३८	असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा ।	६०००।००
२०७४।७५	४०	असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा ।	९८००।००
२०७४।७५	५३	पेश्की फछ्र्यौंछको कागजात पेश भएको आधारमा ।	३३९०४५।००
२०७४।७५	५५.२	असुल गरि दाखिला प्रमाण पेश भएको आधारमा ।	१०००।००
२०७४।७५	६	तेश्रो गाउँसभाको निर्णयले नियमित गरिएको आधारमा ।	३१०००००।००
२०७४।७५	९	तेश्रो गाउँसभाको निर्णयले नियमित गरिएको आधारमा।	६७१५०९।००
२०७४।७५	११.३	तेश्रो गाउँसभाको निर्णयले नियमित गरिएको आधारमो ।	२०००००।००
२०७४।७५	२०	तेश्रो गाउँसभाको निर्णयले नियमित	२६३१५७५।००

		गरिएको आधारमा।	
२०७४।७५	२३	तेश्रो गाउँसभाको निर्णयले नियमित गरिएको आधारमा ।	७६६४२६।००
२०७४।७५	२६	तेश्रो गाउँसभाको निर्णयले नियमित गरिएको आधारमा।	२९८०१०।००
२०७४।७५	४९	तेश्रो गाउँसभाको निर्णयले नियमित गरिएको आधारमा।	३००००।००
		जम्मा	८२,०३,५४०।००

४५ **अनुगमन परिक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछर्याट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकिय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले वेरुजु फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गरेको बेरुजु सम्परीक्षण गरि निम्नानुसार कायम भएको छ ।

गत वर्षको बेरुजु रकम (रु.) (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
१,३४,३६,०००.०	**८२०३५४०.०**	**५२,३२,४६०.०**

४६ **अद्यावधिक बेरुजु स्थिति :** बान्नीगढी जयगढ गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ©	यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)	यो वर्षको कायम बेरुजु रु. (E)	बाँकी (F=C+D+E)
५२,३२,४६०.०	-	**४९,२५,८७६.७१**	**१,०१,५८,३३६.७१**

अनुसूची-१

बान्निगढी जयगढ गाउँपालिकाको
(विनियोजन, राजश्व, धरौटी र अन्य कारोवार)
स्थानीय संचितकोषको विवरण
२०७५।७६

(रु. हजारमा)

स्थानीयतहको नाम	जिल्ला	आय				जम्मा आय	व्यय			जम्मा खर्च	मौज्दात बाँकी
		गतवर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूँजीगत खर्च	अन्य खर्च		
		१	२	३	४	५(२+३+४)	६	७	८	९(६+७+८)	१०(१+५–९)
बान्निगढी जयगढ गाउँपालिका	अछाम	९२९५६	१४९७९३	२५६९५२	२६४९३८	६७१६८३	४१४०४४	१७०५२३	७३४२५	६५७९९२	१०६६४७

अनुसूची-२

बेरुजू वर्गीकरण
२०७५/७६

(रु. हजारमा)

स्थानीयतहको नाम	जिल्ला	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असूल गर्नुपर्ने	नियमित गर्नुपर्ने					कर्म चारी	अन्य	जम्मा
		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी	सोधभर्ना नलिएको	जम्मा			
बान्निगढी जयगढ गाउँपालिका	अछाम	२९	२४	४९२६	०	०	०	२९	२४	४९२६	१८८	२४८५	२२५३	०	०	४७३८	०	०	०

अनुसूची- ३

बेरुजुको अद्यावधिक स्थिति

(रु. हजारमा)

स्थानीयतहको नाम	जिल्ला	गत बर्षसम्मको बाँकी	यो बर्षको फछ्र्यौट	बाँकी	यो बर्ष सं.प. बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कूल बाँकी बेरुजु
बान्निगढी जयगढ गाउँपालिका	अछाम	१३४३६	८२०	५२३२	०	४९२६	१०१५८